फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## ओखलढुङ्गा

## नदी जन्य पदार्थको उत्खनन् तथा बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०७९।०६।२८

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क र यस सिद्धिचरण नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा १० को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदी जन्य पदार्थ उत्खनन् गरी सिद्धिचरण नगरपालिकाले तोकेको दरमा उत्खनन् तथा बिक्रि गर्ने गरी आ.व.२०७९।८० का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठे.नं. | खोलाको नाम | बार्षिक रुपमाउत्खनन् गर्न सकिने परिमाण (क्यू.फिट) | न्यूनतम ठेक्का अंक (कर सहित) | दरभाउपत्र/बोलपत्र फाराम दस्तुर | दरभाउपत्र/बोलपत्रपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र/बोलपत्र दाखिला गर्ने अन्तिममिति | दरभाउपत्र/बोलपत्र खोलिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १/०७९/८० | लिपेखोला | २२५०५९.० | १३,५०,३५४.० | १०००/- | २०७९।७।१४ | २०७९।७।१५ | २०७९।७।१५ |
| ३/०७९/८० | दूधकोशीनदीको मुलघाट | ६९४२४९.० | ४१,६५,४९४.० | ३०००/- | २०७९।७।१४ | २०७९।७।१५ | २०७९।७।१५ |

**शर्तहरु :**

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाण-पत्र, आ.व.२०७८।०७९ को करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगा शाखा स्थित रहेको खाता नं.२०७०१००३०१०१०००३ मा नगद जम्मा गरेको नगद भौचर यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सिलवन्दी दरभाउपत्रको हकमा १५ औं दिन दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अंकको (मु.अ.कर सहित) ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगा शाखा स्थित रहेको खाता नं.२०७०१००३०३००००००३ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय विस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।
- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलवन्दी दरभाउपत्रको हकमा १६ औं दिन दिनको १२:०० भित्र दर्ता गर्नुपर्नेछ ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि फर्मको प्रतिनिधि वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाताले वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै अर्को कार्यालय खुलेको दिनमा गरिनेछ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यल्यमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मू.अ.कर दर्ता प्रमाण-पत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ६० प्रतिशतले हुने रकम अनिवार्य रुपले बुझाउनु पर्नेछ । त्यसपछि दोश्रो किस्ताको रकम चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ । यसरी किस्ता बन्दिमा रकम बुझाउँदा ठेकेदारले ठक्का कबोल गरेको अंकमा दोश्रो किस्ताको रकम बराबरको जमानत बापत नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८० श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी(परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मु.अ. करको ६.५ प्रतिशत बराबरको रकम आन्तरिक राजश्व कार्यालयमा र ६.५ प्रतिशतको रकम सिद्धिचरण नगरपालिकामा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
- ठेक्काको स्विकृत रकम एकमुष्ट बुझाई तोकिएको समय भित्र सम्झौता गर्न आएमा स्विकृत अंकमा बढीमा ५ प्रतिशत सम्म छुट दिन सकिने छ ।
- किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ । म्यादभित्र नबुझाएमा सिद्धिचरण नगरपालिकालाई ०.०१ प्रतिशत प्रति दिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसाबले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
- यस कार्यालयसँग गत विगतमा भएको कारोवारमा यस कार्यालयको म.ले.प. प्रतिवेदनमा वेरुज भएमा वा कुनै किसिमको संघ, प्रदेश

# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


- ठेक्का सम्फौता भईसके पछि बन्द, हड्ताल वा कुनै कारण देखाई ठेक्को वापत बुझाउनु पर्ने किस्ता रकममा कुनै प्रकारको छुट र मिनाहा माफी दिइने छैन् ।
- यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध समेत गर्न सकिनेछ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्फौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
- बोलपत्रदाता तथा नगरपालिका बिच कुनै किसिमको मत भिन्नता पाईएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
- बालुवा, ढुङ्गा, गिट्टी र ग्राभेलको बिक्रीकर तथा प्राकृतिक धार किनारा, घाट, कुलो कुलेशा,पुल पुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको परिधि भित्र रही मात्र बालुवा, ढुङ्गा, गिट्टी र ग्राभेलको उठाउन पाउने छ ।
- वन क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टी, रोडा र ग्राभेल उत्खनन गरी बिक्री गर्न पाईने छैन ।
- IEE प्रतिवेदनले तोकेको स्थान/नाकाबाट तोकेको परिमाणमा मात्र सङ्कलन गर्न पाईनेछ । यसरी सङ्कलन गरेको परिमाणको लगत प्रत्येक १५/१५ दिनमा सिद्धिचरण नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ । सङ्कलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्धी गरेर मात्र बिक्री वितरण गर्नुपर्नेछ । यसरी सङ्कलन तथा घाटगद्धी गर्दाको लागत स्वयं ठेकेदारले व्यहोर्नु पर्नेछ । तोकिएको परिमाण भन्दा घटी परिमाणमा निर्माण सामाग्री सङ्कलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन ।
- ठेक्का अवधिका सम्वन्धमा उत्खनन, सङ्कलन तथा विक्री ठेक्का सम्फौता भएको मिति देखि २०८० जेष्ठ मसान्त सम्मको हुनेछ । सो मिति अगावै सम्फौता भएको परिमाण पुरा भएमा सङ्कलन तथा बिक्रि कार्य बन्द गरिने छ ।
- विभिन्न नदी/खोलाहरुबाट निकालिने निर्माण सामग्री निकाल्दा विकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिम पुल पलेसा, संरक्षण क्षेत्र आदिको U/S मा ५०० मिटर र D/S मा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागबाट मात्र सङ्कलन गर्नुपर्नेछ । साथै महत्वपूर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामग्री मात्र ओसार पसार गर्नुपर्नेछ । विभिन्न खोलाबाट निकालिने निर्माण सामग्री विक्री मुल्य करको ठेक्का लिए पश्चात निर्माण सामग्री उठाउन रोक लागे/लगाएमा ठेकेदार स्वयं आफैले मिलाई कर संकलन गर्नुपर्नेछ । कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारण कुनै पनि छुट मिनाहा दावी गर्न नपाईने र सो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन । निर्माण सामाग्री निकाल्दा विभिन्न खोलामा स्विकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सिमित रही निर्माण सामाग्री निकाल्नु पर्नेछ । सो तोकिएको परिमाण तथा नाकाभन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन । साथै निर्माण सामाग्री उत्खनन गर्ने समय बिहान सूर्योदयदेखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ । साथै निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नुपर्नेछ । यस किसिमका उजुरीहरु स्थानीय स्तरबाट आउन नदिने गरी सम्बन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ, सो वापतको खर्च दावी गर्न पाईने छैन ।
- ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website : http:// http://siddhicharanmun.gov.np/ मा समेत हेर्न सकिनेछ)

............................
बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत